## पाठ - 8
## स्वर्ग र त्यसको अनुकम्पाहरु

## الدرس الثامن - نيبالي
## الجنة و نعيمها

स्वर्ग संधैको लागि सम्मानको घर हो, जुन् अल्लाहले आफ्नो सेवकहरुका लागि तयार गरेको छ , त्यहाँ यस्तो प्रकारको उपहार हुन्छ जुन् कुनै आँखाले हेरेको होइन, र कुनै कानले सुनेको होइन, र कसैले त्यस्को कलपना पनि गरेको होइन, अल्लाह तआलाले भन्नु भयो:

﴿فَلَا تَعْلَمُ نَفْسٌ مَا أُخْفِيَ لَهُم مِنْ قُرَّةِ أَعْيُنٍ جَزَاءً بِمَا كَانُوا يَعْمَلُونَ﴾

कसैलाई थाहा छैन जुन् उनीहरुको निम्ति उनको आँखाको शितलता लुकाएर राखिएको छ यो उनीहरुको कर्महरुको पुरस्कार हो ।
स्वर्गमा बिभिन्न दर्जाहरु छन् र मोमिनहरु आफनो कर्म बमोजिम यी दर्जाहरु पाउनेछन् , अल्ला तआलाले भन्नु भयो:

يَرْفَعِ اللهُ الَّذِينَ آمَنُوا مِنْكُمْ وَالَّذِينَ أُوتُوا العِلْمَ دَرَجَاتٍ

तिमीहरु मध्ये जस्ले ईमान ल्याएका छन् र जस्लाई ज्ञान प्रदान गरिएको छ , अल्लाहले उनीहरुको दर्जा उच्च गर्ने छ ।
स्वर्गमा जे जे खाने मन् पराउँछ त्यो सबै खान पाइन्छ , त्यसमा यस्तो नहर हुनेछ जसको पानी प्रदुषित भएको छैन, र दुधको यस्तो नहर हुन्छ जसको स्वादमा अलिकति पनि अन्तर परेको छैन, शुद्ध मधुको नहर हुन्छ, र मदिराको यस्तो नहर हुन्छ जसले पिउनेहरुलाई अतियन्त आनन्द प्रदान हुन्छ, र त्यो संसारको मदिरा जस्तो हुँदैन, अल्लाह तआलाले भन्नु भयो:

يُطَافُ عَلَيْهِمْ بِكَأْسٍ مِنْ مَعِينٍ * بَيْضَاءَ لَذَّةٍ لِلشَّارِبِينَ * لَا فِيهَا غَوْلٌ وَلَا هُمْ عَنْهَا يُنْزَفُونَ *

त्यसमा ठुल ठुला आँखा भएकि हुर (परी) सँग विवाह हुनेछ, रसूल ﷺ ले भन्नु भयो

وَلَوْ أَنَّ امْرَأَةً مِنْ أَهْلِ الجَنَّةِ اطَّلَعَتْ إِلَى أَهْلِ الأَرْضِ لَأَضَاءَتْ مَا بَيْنَهُمَا، وَلَمَلَأَتْهُ رِيحًا، وَلَنَصِيفُهَا عَلَى رَأْسِهَا خَيْرٌ مِنَ الدُّنْيَا وَمَا فِيهَا

यदि स्वर्गमा भएकि नारी धरति तिर झाँकछि भने धरति र आकाशको बीचमा उज्यालो भइहालछ र सुगन्ध फैलिहाल्छ» (बुखारी - २७९६)
स्वर्गवासीहरुका लागि सबभन्दा ठुलो उपहार यो हो कि उनीहरुले अल्लाहलाई साक्षात देख्न पाउनेछन्, स्वर्गवासीहरुले दिषा पेशाब गर्ने छैनन् , नत बलगम र थुक फेकने छन्, उनीहरको काँगियो सुन्को र पसीना कस्तुरी जस्तो सुगन्धित हुन्छ, उनीहरुका लागि यो सबै वर्दान संधैका लागि हुन्छन् जुन् कहिले समाप्त हुने छैन, रसूल ﷺ ले भन्नु भयो

مَنْ يَدْخُلُ الجَنَّةَ يَنْعَمُ لَا يَبْأَسُ، لَا تَبْلَى ثِيَابُهُ وَلَا يَفْنَى شَبَابُهُ

जो स्वर्गमा जान्छ त्यो यस्तो खुशी र उपहार पाउनेछ जुन् कहिल्यै समाप्त हुने छैन, उनहिरुको लुगा कहिले पुरानो हुँदैन, र जवानीको कहिले अन्त हुँदैन» (मुस्लिम-२८३६)
स्वर्गवासीहरु मध्ये सबभन्दा कम भाग्यशाली व्यक्ति जुन् अन्तमा नर्कबाट निसकेर स्वर्गमा जान्छ त्यस्को भाग चाहिं सम्पुर्ण संसार भन्दा दस गुणा अधिक राम्रो हुन्छ ।